शुक्लाफाँटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः १९३/०२/२०८३/०८४
मिति :२०८३/०५/१५
समय :बिहान दिनको ८.०० वजे

आज मिति २०८३/०५/१५ गते शुक्रबारका दिन यस शुक्लाफाँटा नगरपालिका, नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री रणबहादुर महरा ज्यूको अध्यक्षतामा तपसीलका पदाधिकारीहरुको उपस्थितिमा बसि निम्न अनुसार निर्णय गरियो ।

<u>तपसिलः</u>

| | |
|---|---|
| १. श्री रण बहादुर महराः नगर प्रमुख | अध्यक्ष |
| २. श्री कल्पना कुमारी जोशी पन्तः नगर उप-प्रमुख | सदस्य |
| ३. श्री उत्तर देव भट्टः वडा अध्यक्ष वडा नं १ | सदस्य |
| ४. श्री भोदुराम डगौराः वडा अध्यक्ष वडा नं २ | सदस्य |
| ५. श्री नरेन्द्रप्रसाद चौधरीः वडा अध्यक्ष वडा नं ३ | सदस्य |
| ६. श्री कमल ठकुल्लाः वडा अध्यक्ष वडा नं ४ | सदस्य |
| ७. श्री चक्रबहादुर खड्काः वडा अध्यक्ष वडा नं ५ | सदस्य |
| ८. श्री दान सिंह ऐरः वडा अध्यक्ष वडा नं ६ | सदस्य |
| ९. श्री प्रताप धामीः वडा अध्यक्ष वडा नं ७ | सदस्य |
| १०. श्री बहादुर सिंह महराः वडा अध्यक्ष वडा नं ८ | सदस्य |
| ११. श्री रमेश बहादुर ऐरः वडा अध्यक्ष वडा नं ९ | सदस्य |
| १२. श्री लाल बहादुर ऐरः वडा अध्यक्ष वडा नं १० | सदस्य |
| १३. श्री शेर बहादुर साउदः वडा अध्यक्ष वडा नं ११ | सदस्य |
| १४. श्री नवल सिंह रानाः वडा अध्यक्ष वडा नं १२ | सदस्य |
| १५. श्री लक्ष्मी देवी ऐरः नगर कार्यपालिका सदस्य | सदस्य |
| १६. श्री भुमा देवी चन्दः नगर कार्यपालिका सदस्य | सदस्य |
| १७. श्री शान्ती देवी ऐरः नगर कार्यपालिका सदस्य | सदस्य |
| १८. श्री सुर्जा वि.कः नगर कार्यपालिका सदस्य | सदस्य |
| १९. श्री गणेश विकः नगर कार्यपालिका सदस्य | सदस्य |
| २०. श्री सरस्वती कुमारी जोशीः नगर कार्यपालिका सदस्य | सदस्य |
| २१. श्री खेमराज बिष्ट : प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

## १९३ औं कार्यपालिका बैठकका निर्णयहरुः

मितिः २०८३/०५/१५ गते

**निर्णय नं. १:** १९३ औं कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको अवस्था बारे समिक्षा गरियो ।

**निर्णय नं. २:** मिति २०८३ साल भदौ १० गते भोटेकोशी नदीमा आएको भिषण बाढिका कारण ज्यान गुमाउनुहुने दिवंगत आत्माहरुको चिर शान्तिको कामना गर्दै यस बैठकको अन्यमा १ मिनेट मौन धारण गर्ने निर्णय गरियो ।साथै यस नगरपालिका अन्तरगतका जनप्रतिनिधिहरु, कर्मचारी तथा शिक्षकहरुको १ दिन बराबरको पारश्रमिक कट्टि गरि नेपाल सरकारको प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषमा जम्मा गर्ने मिति २०८३/०५/११ गतेको नगर प्रमुख स्तरीय निर्णय समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:** शिक्षा समितको मिति २०८३/०५/०८ गतेको देहाय बमोजिमका निर्णयहरु अनुमोदन गर्ने ।

३.१ यस नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा नगर शिक्षण सिकाइ अनुदानमा कार्यरत शिक्षकहरुको साविकमा खाइपाइ आएको तलबमा २०८३ साउन देखि लागु हुने गरी मासिक रु ३०००।— का दरले पारिश्रमिक थप/वृद्धि गर्ने ।

३.२ यस नगरपालिकाको खेलकुद क्षेत्रको समग्र विकासका लागि नगर शिक्षण सिकाइ सहयोग अनुदान अन्तर्गत माध्यमिक तह शिक्षक वा सो सरह हुने गरी खेलकुद प्रशिक्षकका दुइ कोटा स्विकृत गर्ने र सो व्यवस्थापन कार्यालयले गर्ने ।

**निर्णय नं. ४:** शुक्लाफाँटा नगरपालिकाबाट भूमि व्यवस्थापन सम्वन्धी सेवाहरु प्रवाह गर्न आवश्यक तयारी गरि नेपाल सरकार भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाण्डौलाई लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ५:** यस नगरपालिकामा अधिकृत (ईन्जिनियरिङ) पदमा कार्यरत कर्मचारी महेश प्रसाद अवस्थी (कर्मचारी संकेत नं. २४०८२६)लाई ४ बर्षे बी. ई. सिभिल (स्नातक तह) अध्ययनका लागि तलवी अध्ययन विदा स्वीकृत गर्ने ।

**निर्णय नं. ६:** मिति २०७९ मा शुक्लाफाँटा नगरपालिकामा प्रकाशित सूचना अनुसार मिति २०७९/०४/०१ देखि २०७९/०९/२६ गते सम्म नाप नक्सा गरि शुक्लाफाँटा नगरपालिका नाप नक्सा टोलि नं. १ ले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यबस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि २०८३ को दफा १८ को उपदफा (२)



शुक्लाफाँटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

Scanned with OKEN Scanner

वमोजिम तयार गरेको वडा नं. ०९ अन्तर्गत भूमिहीन तथा अव्यवस्थित वसोबासीको रुपमा आबाद कमोत भएका कित्ता जग्गाहरु र अन्य सरकारी, सार्वजनिक जग्गाको अध्यावधिक नाप नक्साको प्रतिवेदन स्वीकृत गरी प्रतिवेदनका आधारमा जग्गा उपलव्ध गराउन जिल्ला भूमि समस्या समाधान समिति कंचनपुरलाई सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं. ७:** शुक्लाफाँटा नगरपालिका १० नं. वडा कार्यालय, झलारी कंचनपुरको च. नं. १३१६ मिति २०८३/०२/०७ को सिफारिस अनुसार शिव मन्दिर तथा ज्येष्ठ नागरिक योग साधना केन्द्र, शुनपा १०, झलारीलाई यस कार्यालयमा दर्ता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:** जिल्ला समन्वय समिति कंचनपुरको मिति २०८३/०४/२५ गतेको गाउपालिका तथा नगरपालिका र वडाको संख्या तथा सिमाना हेरफेर सम्वन्धमा बैठकको निर्णय बारे कार्यपालिकामा जानकारी गराई छलफल गरियो।

**निर्णय नं. ९:** बालबालिका सम्बन्धि ऐन, २०७५ को दफा ६० उपदफा (२) तथा शुक्लाफाँटा नगरपालिकाको बालबालिकाको हक अधिकार संरक्षण र सम्बर्द्धन सम्बन्धी व्यवस्था गर्न बनेको कार्यविधि, २०८३ दफा ९ बमोजिमको स्थानीय बाल अधिकार समितिको सदस्यमा देहायका व्यक्तिहरुलाई मनोनयन गर्ने निर्णय गरियो ।

| नाम/थर | ठेगाना | कैफियत |
|---|---|---|
| सुर्जा वि. क. | शुनपा-११ | कार्यविधिको दफा ९ उपदफा (१) को (घ) वमोजिम |
| भरत तिरुवा | शुनपा-४ | कार्यविधिको दफा ९ उपदफा (१) को (ङ) वमोजिम |
| द्वारिका कुंवर | शुनपा-१० | कार्यविधिको दफा ९ उपदफा (१) को (च) वमोजिम |
| कुल ब. डगौरा | शुनपा-२ | कार्यविधिको दफा ९ उपदफा (१) को (झ) वमोजिम |
| राजिव अवस्थी | शुनपा-१० | कार्यविधिको दफा ९ उपदफा (१) को (झ) वमोजिम |
| हेमन्त शाही | NEEDS नेपाल | कार्यविधिको दफा ९ उपदफा (१) को (ञ) वमोजिम |

**निर्णय नं. १०:** जिल्ला कंचनपुर शुक्लाफाँटा नगरपालिका वडा नं. १० झलारी बस्ने वर्ष ४८ को अजय विश्वकर्मा समेतले शुक्लाफाँटा नगरपालिका १० नं. वडा कार्यलय र ऐ.ऐ. अध्यक्ष श्री लाल वहादुर ऐरलाई विपक्षी बनाई मान्य कंचनपुर जिल्ला अदालतमा चलिरहेको मुद्धा नं. ०८२- CP- ०६३८ मुद्धामा प्रतिउत्तर पत्रको मस्यौदा गर्न , तथा उक्त मुद्धामा बहस पैरवी गर्नका लागि जिल्ला कंचनपुर शुक्लाफाँटा नगरपालिका वडा नं. ४ बस्ने अधिवक्ता श्री सुरेन्द्र प्रसाद उप्रेतीलाई कानून व्यवसायी तोक्ने निर्णय गरियो । साथै उक्त मुद्धामा प्रतिउत्तर दर्ता गरि तारेखमा रही मुद्धाको पुर्पक्ष समेत गर्ने कार्यका लागि शु.न.पा. कार्यालयका सहायक चौथो तहका कर्मचारी श्री सुरेन्द्र देव भट्टलाई अख्तियारीनामा (वारेश) दिने निर्णय गरियो ।

शुक्लाफाँटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल



Scanned with OKEN Scanner

**निर्णय नं. ११:** विपक्षी शुक्लाफाँटा नगरपालिका कार्यालय भएको सम्मानित सर्वोच्च अदालतमा दायर भएको रिट नं. ०८३-WO-००८९ मुद्धामा सम्मानित सर्वोच्च अदालतमा लिखित जवाफको मस्यौदा गर्न , तथा उक्त मुद्धामा बहस पैरवी गर्नका लागि नेपाल कानून व्यवसायी परिषद प्रमाण पत्र नं. २२५२८ का अधिवक्ता श्री कुम्भ राज जैशी र प्रमाण पत्र नं. २२५९८ का अधिवक्ता श्री अतुल बिष्टलाई रिटको प्रतिउत्तर दर्ता गर्न र सो सम्वन्धी आवश्यक बहस पैरवी गर्नका साथै वारेसको काम गर्न समेत कानून व्यवसायिको रुपमा तोक्ने निर्णय गरियो र सो वापत निजहरुलाई ६० हजार भूक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. १२:** सामुदायिक विपद व्यबस्थापन समिति र कार्यदल गठन तथा परिचालन निर्देशिका, २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३:** यस नगरपालिकामा करार ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न आवश्यक अध्ययन गरि प्रतिवेदन पेश गर्न देहाय वमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

देहायः

क)संयोजक श्री मोहन राज फुलारा- अधिकृत सातौ
ख)सदस्य श्री लोक राज भट्ट- लेखा अधिकृत सातौ
ग) सदस्य श्री महेश प्रसाद भट्ट- अधिकृत सातौ

**निर्णय नं. १४:** शुक्लाफाँटा नगरपालिका वडा नं. २ अन्तरगत बैजनाथ आधारभूत विद्यालयको ३ कोठे भवन निर्माणका लागि विल्ड अन नेपालसंग नियमानुसार साझेदारी गर्ने निर्णय गरियो।

**निर्णय नं. १५:** शव वाहन परिचालन तथा व्यवस्थापनका लगि नगर प्रहरी सहायक निरीक्षक श्री पदम बहादुर ऐरलाई सम्पर्क व्यक्ति (Focal Person) तोक्ने निर्णय गरियो ।

**निर्णय नं. १७:** शव वाहन परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८:** शुक्लाफाँटा नगरपालिका अन्तरगत घर नक्सा अभिलेखिकरणको लागि मिति २०८३ असोज १ गते देखि २०८४ को असार मसान्त सम्म सूचना जारी गर्ने निर्णय गरियो।

शुक्लाफाँटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल



Scanned with OKEN Scanner